# राष्ट्रिय मुक्ति पार्टीको

## संक्षेपित कार्यदिशा तथा कार्यनीति एवं कार्ययोजना

### परिचय

नेपाल विश्वका प्राचीन राष्ट्रहरूमध्ये एक हो, जसको इतिहास सीमाना विस्तार र संकुचनका चरणहरू हुँदै विकसित भएको छ । तर, आधुनिक नेपालमा स्वदेशी मौलिक सत्ता, संस्कृति, र ज्ञान प्रणालीलाई उपेक्षा गरी बाह्य अवधारणामा आधारित राज्य सञ्चालन गर्दा पहिचान, प्रतिनिधित्व, र समानताको गम्भीर संकट उत्पन्न भएको छ । पृथ्वीनारायण शाहले नेपाललाई बहुजातीय साझा फूलबारी भने पनि शासक वर्गले विभिन्न संस्कृतिहरूलाई दमन गर्दै एकल जातीय शासन प्रणाली लागू गरे, जसले उत्पीडित समुदायहरूलाई निरन्तर संघर्ष गर्न बाध्य बनायो ।

मधेश, थरुहट, आदिवासी, दलित, मुस्लिम, महिला तथा अन्य उत्पीडित समुदायहरू पहिचान र समानताका लागि लड्दै आएका छन् । तर, यी आन्दोलनहरू एकल-आयामिक भएका कारण निर्णायक बन्न सकेनन् । विगतका असफलताहरूबाट सिक्दै, मधेश लगायत हरेक उत्पीडिन बिरुद्ध संघर्षरत रहेका नेता राजेन्द्र महतोले राष्ट्रिय मुक्ति क्रान्तिको आह्वान गर्दै सबै उत्पीडित समुदायलाई एकताबद्ध भई बहुल-राष्ट्रिय राज्य निर्माणका लागि संघर्ष गर्न आह्वान गर्नुभयो । २०८० फागुन १६ गते यस क्रान्तिको शुभारम्भ भएसँगै राष्ट्रव्यापी संवाद, सहकार्य, र संघर्षमार्फत नवीन नेपाल निर्माणको आशा जागेको छ ।

यो क्रान्ति कुनै एक जाति, क्षेत्र, वा समुदायका लागि मात्र नभई सबै नेपालीको समान अधिकार, न्याय, र समृद्धिका लागि हो । यसको उद्देश्य विभेदको अन्त्य गर्दै स्वदेशी सत्ताको स्थापनामा केन्द्रित छ । झुक्याएर जन भावना बिपरितको संबिधान निर्माण पश्चातबाट नै नेपाली जनताको वास्तविक मुक्तिको निम्ति नेपालमा नयाँ राजनीतिक विकल्पको खोजी गर्न थालिएको हो । त्यसयता, विभिन्न समूहहरूबीच वैकल्पिक विचारबारे छलफल हुँदै आएको थियो । अन्ततः मधेशवादबाट स्वदेशवादसम्मको समझदारी निर्माण गर्दै, राष्ट्रिय मुक्ति क्रान्ति पूरा गर्ने कार्यदिशा र योजना तय गर्न आवश्यक ठहरियो । यसै सन्दर्भमा, २०८१ असोज १ गते, राष्ट्रिय मुक्ति क्रान्ति, अभियानको केन्द्रीय समितिको बैठकमा बुद्ध छिरिंग मोक्तानद्वारा प्रस्तावित राष्ट्रिय मुक्ति क्रान्तिको राजनीतिक कार्यदिशा, र त्यसको पुरकको रुपमा सन्तोष मेहताद्वारा

प्रस्तावित राष्ट्रिय मुक्ति क्रान्तिको नीति तथा योजनाको विस्तृत खाका प्रस्तुत गरियो । यसलाई संक्षेपिकरण गर्दै आवश्यक छलफल र बहस अघि बढाउन राष्ट्रिय मुक्ति पार्टी नेपालले यो संक्षिप्त कार्यदिशा, नीति, तथा योजना अघि सारेको छ ।

'बनाउने नेपाल सबै नेपालीको लागी' भन्ने संकल्प पुरा गर्न राष्ट्रिय मुक्ति पार्टी नेपालले हरेक विभेद विरुद्धको संघर्षको नेतृत्व लिँदै राजनीतिक शक्तिहरूलाई संगठित गर्दै योजनाबद्ध रूपमा गतिविधिहरू अघि बढाउनेछ । साथै, राष्ट्रिय मुक्ति क्रान्तिको लक्ष्य प्राप्त गर्न अन्य सहयोगी संस्था, मोर्चा, गठबन्धन तथा विभिन्न पक्षहरूको पनि महत्वपूर्ण योगदान रहनेछ ।

इतिहासले हामीमाथि पूर्ण राजनीतिक क्रान्ति सम्पन्न गर्ने जिम्मेवारी सुम्पेको छ, जसलाई पूरा गर्नु हामी सबैको साझा दायित्व हो ।

## १. पृष्ठभूमी:

(क) नेपालको संविधान २०७२ लागू भए पनि जनतासंप्रभुताको सिद्धान्त स्थापित गर्न सकेन, बरु परम्परागत शासक वर्गको वर्चस्व कायम रह्यो । संघीय शासन प्रणाली स्वीकार गरिए पनि व्यावहारिक रूपमा केन्द्रीयकरण नै रह्यो, जसले सामाजिक अन्याय र ऐतिहासिक विभेदलाई निरन्तरता दियो । इतिहासलाई हेर्दा, सुगौली सन्धिपछि कर प्रणालीमार्फत सामन्तवादी व्यवस्थालाई संस्थागत गरियो । जंगबहादुरको मुलुकी ऐनले विभाजनकारी जातीय संरचना बलियो बनायो, भने महेन्द्रको राष्ट्र-राज्य अवधारणाले पहिचान र आत्मसम्मानलाई दबायो । लोकतान्त्रिक आन्दोलनहरू भए पनि बहिष्करणमा परेका समुदायहरूलाई मूलधारमा ल्याउने ठोस प्रयास भएन । संविधानसभाबाट संविधान बनाउने भनिए पनि अन्ततः त्यसले एकल जातीय सत्ता संरचनालाई नै संरक्षण गर्यो ।

वर्तमान संविधानले समानता, स्वतन्त्रता, र आत्मसम्मानका मूल्यलाई कमजोर पार्दै औपनिवेशिक शासन शैलीलाई निरन्तरता दिएको छ। नेपालका उत्पीडित समुदायहरूले मधेश, लिम्बुवान, थरुहट जस्ता संघर्षहरू गरे, जसले सामाजिक यथास्थितिमाथि गम्भीर प्रहार गर्यो ।

दक्षिण अमेरिकी इन्डिजिनिष्ट आन्दोलनहरूको सफलताबाट प्रेरणा लिँदै, हाम्रो आफ्नो मौलिक ज्ञान, स्वदेशी ज्ञान अर्थात पूर्वीय दर्शनमा आधारित स्वदेशवाद सिद्धान्त अंगाल्दै अबको क्रान्ति कुनै परम्परागत दल वा विचारधाराले नेतृत्व गर्ने होइन, बरु इतिहासभरि सिमान्तीकृत भएका समुदायहरूको सशक्त एकताबाट सम्भव छ । यी

समुदायहरूको विचार, नेतृत्व, संगठन, र संघर्षलाई एकीकृत गरी समानता, न्याय, र आत्मनिर्णय सुनिश्चित गर्न राष्ट्रिय मुक्ति क्रान्ति अपरिहार्य छ ।

(ख) संयुक्त राष्ट्रसंघले कुनै पनि राष्ट्र (जाति)लाई आफ्नै जीवन व्यवस्था गर्ने अधिकार दिएको छ, जसले उनीहरूलाई राज्य निर्माण गर्ने वा अलग्गै बस्ने अधिकार समेत दिन्छ । समाज गतिशील हुने भएकाले समय अनुसार अवस्थाहरू बदलिन्छन्, र एक समयमा सही लागेको निर्णय अर्को समयमा अप्रासंगिक हुन सक्छ । त्यसैले कुनै राष्ट्र (जाति)को भविष्य कस्तो हुनुपर्छ भन्ने निर्णय उनीहरूको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाले निर्धारण गर्छ ।

राष्ट्रिय मुक्ति क्रान्ति भनेको राष्ट्रिय उत्पीडनको अन्त्य गर्ने प्रक्रिया हो, जुन व्यक्तिगत पहिचान र चेतनासँग पनि जोडिएको हुन्छ । राष्ट्रियताको तीन मुख्य आधार छन्:

- पहिचानको सम्मान(बहुल पहिचान),
- लोकतान्त्रिक अधिकार(बहुलराष्ट्रिय लोकतन्त्र) र भातृत्व
- उन्नतिको आधार(समुदायमा आधारित अर्थतन्त्र)

यी आधारहरू पूरा भएमा राष्ट्रहरूलाई छुट्टै राज्य आवश्यक पर्दैन । तर, नेपालमा हाल भइरहेका आन्दोलनहरूले देखाएको संकेत के हो भने, देशको अखण्डता जोगाउन नयाँ राष्ट्रियताको आधार निर्माण गर्नुपर्छ । हालसम्मको उदारवाद र माक्र्सवादले एकलराष्ट्रिय राज्यलाई सत्य मान्दै आएको छ, किनभने उनीहरुको ज्ञानको सिमा नै यति हो। यी विचारधाराहरू अन्ततः राज्य विलुप्त हुनुपर्ने निष्कर्षमा पनि पुग्छन् तर सत्य के हो भने कुनै न कुनै स्वरूपको राज्य बिगतमा पनि थियो भविष्यमा समेत रहने नै छ, किनभने समुदायसंगै राज्य जन्मिएको हो । दुवै संगै रहन्छ वा बिलय हुदाँ दुवै संगै बिलय हुन्छ । तसर्थ परम्पारगत उदारवाद र माक्र्सवादको ज्ञानबाट मुक्ति सम्भव छैन।

ग) यतिवेला दुई अतिवादी धार जस्तै, सिमित संख्याको राज्यधारी सम्भ्रान्तहरुको परम्परागत एकल दवदवा कायम नै राख्न प्रयत्नशील औपनिवेशिक धार र राज्यको अस्तित्वलाई चुनौती दिंदै पूर्ण स्वतन्त्रताको आकंक्षा राख्ने अराजक तथा विखण्डनकारी धार टाउको उठाउँदैछन् । यी दुइटै धारका शक्तिले जनताहरुको जायज असन्तुष्टी र विरोधलाई लोकरिझाईं जस्ता नीति र नारा मार्फत दिगभ्रमित बनाउने कार्यले अन्ततः आफ्नो स्वार्थ पुरा गर्न लागि परेका छन् । यी दुबै धारहरूले जनताको असन्तुष्टिलाई आफ्नो स्वार्थ पूर्तिका लागि प्रयोग गरिरहेका छन् । विडम्बना के छ भने, हिजो राजनीतिक परिवर्तन ल्याएका उदारपूँजिवादी र कम्युनिष्ट शक्तिहरू नै आज जनतालाई भ्रमित पार्ने खेलमा लागेका छन् ।

अब, हामीले स्वदेशवादी इन्डिजिनिष्ट दर्शन अपनाउँदै यी अतिवादी धारहरूलाई पराजित गर्नुपर्छ, किनकि वर्तमान राज्यसत्ताका सम्भ्रान्तहरू अझै पुरानै नीति दोहोर्याउँदै छन् ।

घ) उदार पूँजीवाद लामो समयदेखि कुनै नयाँ राजनीतिक परिवर्तनको संवाहक रहन सकेको छैन । उदारवादले व्यक्तिगत स्वतन्त्रता र आर्थिक प्रगतिको वकालत गरे पनि, यसले गरिबी, असमानता, शोषण, सांस्कृतिक विघटन, र सामाजिक अस्थिरतालाई बढावा दिएको छ, जसकारण गैरपश्चिमी समाजहरूमा यसको प्रभाव समस्याग्रस्त देखिएको छ । सन् १९१७ को रुसी क्रान्तिपछि विश्वभरि भएका क्रान्तिहरूमा बरु माक्र्सवादी कम्युनिष्ट शक्तिहरू अगाडि रहे । तर, सन् १९९० पछाडि बामपन्थी विचार कमजोर हुँदै गयो, र राष्ट्रवाद तथा सांस्कृतिक पुनरुत्थान मात्र देखियो, तर ती असंगठित र प्रभावहीन भए । नेपालमा पूँजीवादी शक्ति संसदीय व्यवस्थालाई जस्ताको तस्तै राख्न चाहन्छन् । कम्युनिष्ट दलहरू पनि त्यही प्रतिपर्धात्मक राजनीति खेलिरहेका छन् । एमाले र माओवादी जस्ता दलहरू नै स्वदेशवादी धारलाई उठ्न नदिने पक्षमा छन् । माओवादीले जनयुद्धकालमा राष्ट्रिय मुक्ति मोर्चाहरू गठन गरे पनि पछि तिनलाई दोहनकारी अंग मात्र बनाए ।

कम्युनिष्ट दलहरूले आदिवासी जनताको राजनीतिक क्षेत्र कब्जा गरेर उनीहरूकै मुद्दा प्रयोग गर्दै राज्यसत्तामा आफ्नो स्वार्थ पुरा गरिरहेका छन्, नव धनाढ्य भएका छन्, कम्युनिष्ट वा समाजवादी आवरणमा दलाल पुंजिपती भएका छन् । यसले पूँजीवादीहरूलाई झन् शक्तिशाली बनाइदिएको छ । नेपालका कम्युनिष्ट शक्तिहरू वास्तवमा झन् खतरनाक छन्, किनभने उनीहरूले कहिले ग्रेटर नेपाल त कहिले वर्गीय मुक्ति वा किसान विद्रोहको नाममा जनता भ्रमित बनाए । यसकारण, नेपालमा सत्य स्वदेशवादी धारलाई स्थापित गर्न कम्युनिष्ट नामधारी पतनोन्मुख गुटलाई पराजित गर्नु आवश्यक छ । यो केवल सचेत स्वदेशी जनताको बलमा सम्भव छ ।

ङ) नेपालको राजनीति आफ्नो मौलिक सभ्यता र संस्कृतिबाट विचलित भएर पश्चिमी दर्शनमा आधारित रहेर अगाडी बढेकोले संविधान २०७२ पनि पश्चिमी सोचमा आधारित औपनिवेशिक दस्तावेज भएको छ । जसले न जनताको सार्वभौमिकता स्थापित गर्यो, न त सशक्त राष्ट्रिय आधारशिला निर्माण गर्यो । परिणामस्वरूप, समाज खण्डित र कमजोर बन्यो । स्वदेशी सभ्यता, ज्ञान र चेतनालाई नष्ट गर्न धर्म र संस्कृतिलाई अवैज्ञानिक भनेर प्रचार गरियो । आधुनिकता र लोकतन्त्रको नाममा सामुदायिक परम्परालाई सामन्तवादको अवशेष भन्दै बहिष्कार गरियो । साम्यवादी विचारधाराले धर्मलाई अफिम भने र परम्परागत व्यवस्थालाई समाजविरोधी करार गर्यो ।

यस्तो परिस्थितिको अन्त्य गर्न राष्ट्रिय मुक्ति पार्टी नेपाल गठन गरियो । पार्टी गठन पुर्व २०८० फागुन १४ गते, पूर्व उपप्रधानमन्त्री तथा स्वदेशवादी नेता राजेन्द्र महतो राष्ट्रिय मुक्ति क्रान्तिको आह्वान गरेपछि २०८० फागुन १६ गते माइतीघरमा निषेधित क्षेत्रविरुद्ध प्रदर्शन गर्दै सडकबाटै क्रान्तिको उदघोष भयो । त्यसपछि २०८० चैत्र २१ गते हेटौंडामा तामाङ समुदायको विशाल प्रदर्शन भयो । २०८० चैत्र २४ गते काठमाडौंमा नेवारको बिशाल प्रदशन भयो, शान्तिपूर्ण आन्दोलनमा दमन र राज्यद्वारा ११ जनालाई पक्राउ गरी मुद्धा चलायो, सांस्कृतिककर्मी, पुजारी, भिक्छु, झाक्री माथि ब्यापक दमन गर्यो । यस बिरुद्ध २०८१ बैशाख १७ गते सांस्कृतिक अतिक्रमणविरुद्ध प्रदर्शन भयो, २०८१ जेष्ठ २१ गते दाङमा सांस्कृतिक प्रतिरोध प्रदशन भयो। २०८१ जेष्ठ २९ गते बुर्तिबाङमा ढोरपाटन मुद्दामा प्रदर्शन गरियो । २०८१ जेष्ठ १२ गते फिदिम, पाँचथरमा लिम्बुवानको निम्ति प्रदर्शन भयो । २०८१ जेष्ठ १९ गते धरानमा बृहत मोटर बाइक र्याली र २०८१ जेष्ठ २६ गते विराटनगरमा प्रदेश पुनःनामकरण प्रदर्शन भयो । असार १ गते लालबन्दीमा पहाडी-मधेशी एकता बिशाल प्रदर्शन लगायत १०१ प्रदशन बिरोध कार्यक्रम भयो । उक्त गतिविधिहरूले पार्टीलाई राष्ट्रिय तथा विभिन्न आदिवासी र क्षेत्रीय समुदायमा गहिरो प्रभाव पारेको छ । २०८१ असोज १ गते राष्ट्रिय मुक्ति क्रान्तिको राष्ट्रिय समितिले क्रान्तिको कार्यदिशा र योजना एवं नीति पारित गर्यौं र सोहि योजना मुताविक राष्ट्रिय मुक्ति पार्टी नेपालको गठन गरिएको हो।

## २. संघर्षको दर्शन

### (१) स्पष्ट दर्शन:

नेपालमा विगत आठ दशकदेखि भएका जनविद्रोह, सातवटा संविधान निर्माण, र पञ्चवर्षीय योजनाहरूको कार्यान्वयनले पनि राष्ट्रिय समस्या समाधान गर्न सकेन । जातीय, भाषिक, धार्मिक, क्षेत्रीय विभेद र आर्थिक असमानता झन् गहिरिँदै गयो । राज्य सञ्चालनका यी समस्याहरू समाधान गर्ने प्रक्रिया नै संघर्षको दर्शन हो । त्यसैले स्पष्ट विचार, योजना, र नेतृत्वको अवधारणा तयार पार्न आवश्यक छ ।

राजनीतिक संघर्षकै माध्यमबाट सिमान्तीकृत जनता केही अधिकार प्राप्त गर्न सफल भए । अब, राष्ट्रिय मुक्ति क्रान्तिलाई सम्पन्न गर्न ठोस कार्यनीति बनाउन जरुरी छ । लोकतन्त्र, पूँजीवाद, सेकुलर राज्य, र मानवअधिकारजस्ता अवधारणाहरू साम्राज्यवादी औजारमा परिणत भइसकेका छन् । त्यसैले अब सामुदायिकरण, स्थानीयकरण, र इन्डिजिनाइजेसनको अवधारणाले नयाँ दिशा लिँदैछ ।

नवउदारवाद र नवमाक्र्सवाद संकटमा छन्, र अब समुदायहरू सांस्कृतिक, आर्थिक, र राजनीतिक रूपमा सबल बन्दै पहिचान खोजीमा लागेका छन् । यसको प्रभाव दक्षिण एसियामा देखिन थालेको छ, जसले कम्युनिष्ट र पूँजीवादी विचारधाराहरूबीचको प्रतिस्पर्धालाई अन्त्य गर्दै सभ्यताहरूबीचको संघर्षलाई महाशक्तिहरूको नयाँ प्रतिस्पर्धाको रूपमा स्थापित गरिरहेको छ । यसै क्रममा, स्थानीय राष्ट्रिय समूहहरूको सांस्कृतिक पुनरुत्थान तर्कसंगत मात्र नभई लोकतान्त्रिक समाज निर्माणका लागि आवश्यक भैसकेको छ । यसको निम्ति हाम्रो दर्शन, सिद्धान्त, विचारधारा, नीति एवं योजनाहरु स्पष्ट हुनुपर्दछ ।

## (२) स्वदेशवाद:

मुक्तिको सवाल एउटा दार्शनिक सवाल हो, जसका लागि सही फ्रेमवर्क आवश्यक छ । उदारवाद र माक्र्सवादले अहिलेको विश्व समाजको गतिशीलतालाई समेट्न सकेनन् । व्यवहारवादले दर्शनविनै संसार अगाडि बढ्न सक्छ भन्छ, तर यो असम्भव छ ।

फ्रान्सिस फुकुयामाले भनेझैं, मानव समाज सैद्धान्तिकरण गर्न सक्ने क्षमताका कारण नै अगाडि बढ्छ । हामीले हाम्रो सिद्धान्त स्वदेशवाद निश्चित गरेका छौँ। "स्व" भन्ने शब्दले केवल व्यक्तिलाई नभई सम्पूर्ण सजीव–निर्जीव अस्तित्वलाई समेट्छ । यसैगरी, "देश" भनेको दिशायुक्त भूभाग अर्थात् हाम्रो व्यवहारिक अनुभवसँग जोडिएको क्षेत्र हो । स्वदेशवादले एकल सत्य वा सत्ताको सट्टा बहुल सत्य, बहुल सत्ता, र बहुल ज्ञानको पक्षपोषण गर्छ । यही आधारमा, राजनीतिक स्वदेशवादले बहुल राष्ट्रिय लोकतन्त्र लाई समर्थन गर्छ, जसले संघीय व्यवस्थालाई उत्प्रेरित गर्छ, लोकतन्त्रको नयाँ परिभाषा दिन्छ ।

स्वदेशवाद विश्व लोकतान्त्रीकरणको एउटा सशक्त अवधारणा हो । यो उदार लोकतन्त्रको व्यक्ति केन्द्रित अवधारणा वा माक्र्सवादी वर्ग संघर्षभन्दा माथि उठेर साँस्कृतिक राष्ट्रको पहिचानलाई प्राथमिकता दिन्छ । जबसम्म कुनै पनि साँस्कृतिक राष्ट्र औपनिवेशिक राष्ट्र-राज्यको प्रभावबाट मुक्त हुँदैन, तबसम्म त्यस राष्ट्रका नागरिक स्वतन्त्र हुन सक्दैनन्।

पूर्वीय सभ्यतामा बिकास भएको बोध ज्ञान जुन अहिले बिकसित बिज्ञानको निष्कर्ष पनि रहन गयो, साथै आदिवासी संस्कृति एवं चराचर प्रकृतिको नियम अधिन रहेर स्वदेशवादको सैद्धान्तिक अवधारणा बिकसित भएको हो । स्वदेशवाद मानव केन्द्रित सोचभन्दा फरक जैविक बहुलवादमा आधारित छ । यसका अनुसार, मानिस केवल प्रकृतिको एक हिस्सा हो, न कि यसको मालिक । यही सोचका कारण अब आदिवासी

ज्ञानको महत्त्व बुझिँदैछ, जसले पर्यावरण र संस्कृतिबीच सन्तुलन कायम राख्न मद्दत गर्छ ।

## ३. राज्य एवं सामाजिक संरचनाको विचारधारा (Ideology of state and social structure)

### (क) "बहुल राष्ट्रिय लोकतन्त्र" (Pulrinational Democracy) राज्यको विचारधारा

बहुल राष्ट्रिय लोकतन्त्रले विविध जाति, भाषा, धर्म, संस्कृति, र पहिचानलाई सम्मान गर्दै समावेशी शासन व्यवस्था स्थापित गर्न जोड दिन्छ । यस प्रणालीमा प्रत्येक राष्ट्र वा समुदायलाई आत्मनिर्णय, स्वायत्तता, र समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी दिइन्छ । यो एकल राष्ट्रवादको सट्टा बहुल राष्ट्र अवधारणालाई स्वीकार गरेर समानता, सहअस्तित्व, र सहिष्णुताको प्रवर्द्धन गर्छ । युरोप, मध्यपूर्व, र अन्य क्षेत्रहरूमा पहिचान र राष्ट्रवादको बढ्दो द्वन्द्वले देखाएझैं, एकल राष्ट्रराज्यको अवधारणा संकटमा छ । त्यसैले, नेपाल लगायत बहुल पहिचान भएका मुलुकहरूका लागि बहुल राष्ट्रिय लोकतन्त्र नै स्थिरता, न्याय, र शान्तिको प्रभावकारी मोडेल बन्न सक्छ ।

### (ख) "सामुदायिक समाज" समाज संरचनाको विचारधारा

नेपालको संविधानले समाजवाद उन्मुख राज्यको परिकल्पना गरेको भए पनि, परम्परागत समाजवादका परिभाषाहरूले हाम्रा स्थानीय समस्या समाधान गर्न पर्याप्त छैनन् । नेपालमा अझै पनि ठूलो संख्या गरिबीको रेखामुनि छ । यसले गरिबी घटाउन, सामाजिक विभेद हटाउन, र समुदायलाई सशक्त बनाउन एक नयाँ दृष्टिकोणको आवश्यकता देखाएको छ । सामुदायिक समाज भनेको व्यक्तिभन्दा समुदायलाई प्राथमिकता दिने र सामाजिक न्याय र सहअस्तित्वलाई प्रवर्द्धन गर्ने अवधारणा हो । समुदायका साझा स्रोत र साधनहरूको सामूहिक स्वामित्वमा आधारित व्यवस्था हो, जहाँ सबैले समान अवसर, न्याय, र आत्मनिर्भर जीवन पाउँछन् । यसले सह-अस्तित्व र सहकार्यलाई प्रवर्द्धन गर्दै स्थानीय आत्मनिर्भरता र जैविकतामाथि जोड दिन्छ । प्राकृतिक स्रोत र संस्कृतिलाई 'पूज्य' मान्दै, सहकार्य र आत्मनिर्भरतालाई आधार मान्छ । यसले व्यक्तिको श्रमको सम्मान गर्दै समुदायको समृद्धिमा जोड दिन्छ ।

सामुदायिक समाजले उत्पादनका साधनलाई सामूहिक स्वामित्वमा राख्दै, व्यक्तिगत श्रमबाट आर्जित सम्पत्तिको पवित्रतालाई स्वीकार्छ । यो अवधारणाले वातावरणमैत्री नीति, जैविक कृषि, र नवीकरणीय उर्जाको उपयोगलाई प्राथमिकता दिन्छ । यसले राज्य, समुदाय, र व्यक्तिको आपसी उत्तरदायित्वलाई जोड दिँदै सामाजिक, आर्थिक,

र पर्यावरणीय असमानतालाई समाप्त गर्न सक्ने दृष्टिकोण प्रस्तुत गर्दछ । सामुदायिक समाजले नेपालजस्तो विविधता र ग्रामीणतामा आधारित मुलुकलाई आत्मनिर्भर र समतामूलक बनाउन सहयोग पुऱ्याउँछ, जसले शान्ति, दीर्घकालीन विकास, र समृद्धिको आधार सिर्जना गर्दछ ।

## ४. दर्शन एवं सिद्धान्त अनुरुपको तीन नियम

(१) द्वन्द्ववादले संघर्षलाई अपरिहार्य मान्छ, तर स्वदेशवादी दृष्टिकोणले यसलाई अस्वीकार गर्छ । भौतिकवाद कारणहरूलाई स्थानिय तत्वमा सीमित गर्छ भने, क्वान्टम सिद्धान्तले तिनलाई बहुआयामिक देखाउँछ । प्रकृतिमा विपरित तत्वहरू पूरक हुन्छन्, जस्तै अक्सिजन-कार्बन चक्र, नर-मादा सम्बन्ध, र कण-तरंग द्वैत । समाजमा पनि व्यक्ति-समुदाय, लोक-नायक, र प्रविधि-मानव परस्पर निर्भर छन् । विज्ञानले देखाएको अनुरूपता र सन्तुलन समाज, राजनीति, र अर्थतन्त्रमा पनि लागू हुन्छ, जसले शक्ति सन्तुलन, नीति निर्माण, र सामाजिक समन्वय सुनिश्चित गर्छ। पाउली सिद्धान्तअनुसार, पहिचान र स्थानको सम्मान जरुरी छ, अन्यथा अस्थिरता निम्तिन्छ । संवादात्मक सापेक्षतावादले अनुरूपता र सन्तुलन कायम गरी स्थिरता, समन्वय, र प्रगति सम्भव बनाउँछ । यस्तो नियमलाई अनुरुपता बीच पुरकता र असमानता बीच सन्तुलनको नियम (Rule of supplementary between commensurability and Balance Between Incommensurability) भनिएको छ।

(२) सृष्टि 'सापेक्ष र निरपेक्ष' अर्थात् 'वस्तु (म्याटर)' र 'ऊर्जा (इनर्जी)' को अनन्त चक्र हो, जसमा वस्तु र ऊर्जा परस्पर निर्भर र रूपान्तरणशील छन्। द्वन्द्वात्मक भौतिकवादले निषेधको सिद्धान्त दिन्छ भने पूर्वीय शून्यवादले वस्तुहरू निःस्वभाविक र परस्पर सम्बन्धनमा आधारित हुने बताउँछ। विज्ञानले पनि पदार्थ र चेतनालाई अलग नभई परिपूरक ठहर गरेको छ, जसरी कण-तरंग द्वैधताले कण र ऊर्जा एकैसाथ अस्तित्वमा हुन्छन् । राजनीतिमा सत्ता र स्रोतको रूपान्तरण, विचारधारा र आन्दोलनको अन्तर्क्रिया, तथा सही रणनीतिले सानो समूहले ठूलो परिवर्तन ल्याउन सक्ने सम्भावना उर्जा-सिद्धान्तसँग मेल खान्छ । पूर्वीय र भौतिकवादी दृष्टिकोणका बीच सहअस्तित्व देखिँदा 'निरपेक्ष' शून्य अवस्था मात्र सत्य हुन्छ भने बाँकी सबै वस्तुहरू परस्पर निर्भर सापेक्षतामा रहेका हुन्छन्, जसले समाज, राजनीति, र प्रकृतिको गतिशील सन्तुलनलाई सुनिश्चित गर्छ । यस्तो नियमलाई वस्तु र उर्जा सम्बन्धको नियम (Rule of matter and energy relationship) भनिएको छ।

(३) मार्क्सले समाजलाई यान्त्रिक रूपमा विश्लेषण गर्दै न्यूटनका गतिका नियमहरू लागू गर्न खोजे, तर समाज एकलरेखीय नभई गैररेखीय हुन्छ। पूर्वीय दर्शन र आधुनिक

विज्ञान भन्छन् कि समाजको गति चक्रीय र स्पाइरल स्वरूपको हुन्छ, जसमा निरन्तर विकास, पुनरावृत्ति, र रूपान्तरणको प्रक्रिया चलिरहन्छ । डार्बिनको 'क्रमिक विकास' सिद्धान्तलाई पछिल्लो वैज्ञानिक अनुसन्धानले 'छलांग' को अवधारणाले प्रतिस्थापन गरेको छ । मार्गुलिसले 'संघर्षद्वारा जीवन' भन्दा 'सहजीवनद्वारा जीवन' भन्ने सिद्धान्त अघि सारेकी छन् । कुनै प्रणाली वा वस्तुले अचानक ठूलो परिवर्तन गर्ने प्रक्रिया छलांग हो, इलेक्ट्रोनले ऊर्जा तहहरू बीच पनि छलांग मार्छ । यसरी, समाज, प्रकृति, र चेतनाको गति एकलरेखीय नभई स्पाइरल चक्रीय गतिमा अघि बढ्ने निष्कर्ष निकाल्न सकिन्छ । गतिको यो नियमलाइ स्पाइरल चक्रीय एवं छलांग नियम (Rule of Motion Spiral cyclic and Leap) भनिएको छ ।

## ५. हाम्रो विचारधारा अनुरुप मुलभूत नीति (सप्त मूलनीति):

नीतिगत रुपमा केही विषयमा हामी प्रष्ट हुनैपर्छ । राष्ट्रिय मुक्ति क्रान्तिको निम्ति नीति ठोस गर्नु पर्ने आवश्यकता यस कारणले पनि छ कि त्यसले हामीलाई दिशानिर्देश गर्छ । साथै सिद्धान्त र व्यवहार विच तालमेल मिलाउन समेत मद्दत पुरयाउँछ । तसर्थ निम्न बुँदामा नीतिलाई ठोस गर्न सकिन्छ:

### (१) मानिसको स्वभाव एवं सम्बन्ध सम्वन्धि नीति

मानवीय स्वभावका भौतिक, मानसिक, र आध्यात्मिक तहहरूसँगै सामाजिक सम्बन्धका विभिन्न आयामहरू हुन्छन । मानिस परिवर्तनशील प्राणी हो, जसले चाह्यो भने 'नरबाट नारायण' बन्न सक्छ । स्वभावका तीन तह (भौतिक, मानसिक, आत्मिक) अन्तर्क्रियात्मक हुन्छन् । आत्मिक तह स्थिर हुन्छ; यसले मानिसको मूल गुणलाई निर्देशित गर्छ । यसले मानसिक तहलाई प्रभावित गर्छ, त्यसैगरी मानसिक तहले भौतिक तहलाई प्रभावित गर्छ । यसैगरी उल्टाएर पनि एक तहले अर्को तहलाई प्रभावित गरिरहेको हुन्छ ।

पश्चिमा ज्ञानले भने जस्तै मानिस व्यक्ति मात्रै हो वा मानिस सामाजिक प्राणि मात्रै हो भन्ने यथार्थ होइन । मानिसका आत्मिक, मानसिक, व्यक्तिगत र सामाजिक जीवनका सबै आयाम 'स्व' हो । तसर्थ सामाजिक जीवनको कुरा गर्दा मानवीय सम्बन्ध महत्वपूर्ण हुन् जान्छ । मानवीय सम्बन्धका आयामहरू हेर्दा पूर्वीय दर्शनमा परिवारको महत्व अत्यधिक छ । यो नैतिकता र परम्पराको हस्तान्तरणको केन्द्र हो । पारिवारिक सम्बन्धहरूले समाजको स्थायित्व र एकता सुनिश्चित गर्छ । त्यसैगरी समाजमा मित्रता एवं कुटुम्ब बीच सम्बन्ध हुन्छ । मानव मानव बिचको, मानव प्रकृति बिचको सम्बन्ध अर्थात मानवताको सम्बन्ध (वसुधैव कुटुम्बकम्) को नीति चाहिन्छ । नायक (नेतृत्व) र लोक (अनुयायी) बीच पनि सम्बन्ध आवश्यक हुन्छ । हुन् त सम्बन्धको आधार प्रेम,

सम्मान, र जिम्मेवारी हो । सहिष्णुता र सहानुभूतिले सम्बन्धलाई बलियो बनाउँछ । समाजमा समुदायिकताको निम्ति, स्थिरताको निम्ति सम्बन्ध सबैभन्दा महत्वपूर्ण हुन्छ। तर पश्चिमी ज्ञानले सबै भन्दा बढी प्रहार सम्बन्ध माथि नै गरे।

बलियो सम्बन्धको निम्ति व्यक्तिको राम्रो पक्ष पहिचान गरी प्रोत्साहित गर्नुपर्छ, यसले सकारत्मक दृस्टी पैदा गराउछ । इमानदारी, पारदर्शिता, र विचार प्रकट गर्न स्वतन्त्रता सुनिश्चित गर्दा विश्वासको वातावरण निर्माण हुन्छ । समस्या समाधानकर्ताको रुपमा बिकास गर्नुपर्छ, यसो गर्दा सहानुभूति र संयम आवश्यक हुन्छ । परिवार र शिक्षालयमा नैतिकता, जिम्मेवारी, र सांस्कृतिक मूल्यहरूको शिक्षा दिनुपर्छ । शिक्षा व्यावहारिक जीवनसँग जोड्नुपर्छ । अतः समाजको स्थिरताको निम्ति सामाजिक नीतिहरूले आत्मा, मस्तिष्क, व्यक्ति र समाजको समन्वयलाई प्राथमिकता दिनुपर्छ । सामाजिक मूल्य मान्यतामा स्थिरता र लचिलोपन हुनुपर्छ ।

मानसिक द्वैत सदैब हुन्छ, द्वैतलाई एकत्वमा लैजाने प्रक्रिया अनुसार नै सामाजिक छविको बिकास भैरहेको हुन्छ। मानिसको दुई छवि हुन्छ; एक प्राकृतिक (निजत्वमा आधारित), अर्को सामाजिक (समाजको मान्यता अनुसार निर्मित)। मानिसको यहि दुई रुपलाई एक बनाउने कलाले नायकको जन्म गराउछ। मानिसको मानसिक सन्तुलन 'सेल्फ इमेज' र 'आइडल सेल्फ' बीचको सामञ्जस्यमा निर्भर गर्दछ । मानिसको व्यक्तित्व तरल हुन्छ । स्वचेतना, अनुभव, र आत्मनिरीक्षणबाट मानिसले विशिष्टता हासिल गर्न सक्छ । केवल सामाजिक छवि निर्माणभन्दा स्वचेतना बढाउने प्रयासले मानिसलाई असल नेतृत्व दिन्छ ।

विचार र योजनाले नेतृत्व जन्माउने काम गर्छ । नयाँ नेतृत्व तब तयार हुने हो जब उनीहरु स्वदेशवादी दर्शनमा आधारित विचार र योजनामा खरो उत्रिन आफुलाई तयार गर्छन् । विविधतालाई स्वीकार्दै प्रेरणा दिने शैली अपनाउनु नेतृत्वको महत्त्वपूर्ण गुण हो । त्यसकारण 'नयाँ नेतृत्व –साझा नेतृत्व'को नीति कार्यान्वयन गर्न थाले अग्रदास्ता निर्माणलाई प्राथमिकताका साथ योजनामा समावेश गर्नुपर्ने हुन्छ । अर्थात् भेट्रान र भेनगार्ड विच एकतृत हुने माहौल बनाई नयाँ नेतृत्वको परिकल्पना गर्न सकिएको छ। त्यसैले पनि 'नयाँ नेतृत्व–साझा नेतृत्व'को हल यो नीति अन्तरगत हुने छ ।

## (२) मुक्ति सम्वन्धि नीति

कुनै समय माक्र्सवादले समाज विज्ञानमा एउटा धार दियो । त्यस्तै उदारवादले त हामीलाई अस्तित्ववादी बनाए । स्वतन्त्रता प्रदान गर्ने उदारवाद अन्ततः असमानता, विभेद र औपनिवेशिकताबाट मुक्ति दिलाउन सकेन । अझ माक्र्सवादले वर्ग संघर्षको

धारिलो वैचारिक धार मार्फत समानता प्रदान गर्ने भनि उठ्यो । त्यो पनि केही समय पश्चात परिवर्तन धार हुने वैधता गुमायो । खुशी र सुख कसरी मिल्छ भन्ने सवाल शाश्वत् सवाल हो, यो सवाललाई सम्बोधन गर्न पूँजीवाद र मार्क्सवाद दुइटै अपर्याप्त मात्र होइन कि पटक्कै सक्दैनन् । अन्यौलता र संसय व्याप्त यो घडिमा स्वदेशवादी दर्शनको जगमा मात्रै मुक्ति सम्भव भएको नयाँ वहस जन्माउने प्रयत्न गर्यौं । पूर्वीय दर्शन यसका लागि सार्थक सिद्ध हुने विश्वासका साथ लोकतन्त्रको पुनर्पुष्टी तथा राज्यकै पुनर्पुष्टी हुने गरी स्वदेशवाद अंगिकार गर्न सहमत बन्ने वैचारिकी नयाँ विचार हो भनि दावी गरियो । उक्त 'नयाँ विचार' जति जति कार्यन्यनमा जान्छ 'साझा विचार' बन्दै जान्छ, मुक्तिको आधार बन्दै जान्छ ।

राजनीतिक मुक्तिको नीति भनेको कुनै राष्ट्र, समुदाय वा व्यक्तिले सामाजिक, आर्थिक र राजनीतिक दमनबाट स्वतन्त्रता प्राप्त गर्न अपनाउने सिद्धान्त हो । प्रत्येक मानिसमा अभावबाट मुक्तिको चाहना हुन्छ । खुशीको आकंक्षा हुन्छ । आनन्दको सपना हुन्छ । यस तहको स्वतन्त्रता नै मानव जीवनको लक्ष्य हो । त्यसैले पूर्वीय दर्शनले मुक्तिलाई केवल भौतिक अधिकार प्राप्तिमा सीमित नगरी, मानवको अन्तिम उन्नति (शान्ति, न्याय र मोक्ष) सँग जोडेर हेर्छ । मुक्ति तीन तहमा हुन्छ: (१) आवश्यकताको तह (भौतिक आवश्यकताबाट मुक्ति), (२) आकांक्षाको तह (मानसिक सन्तुष्टिको प्राप्ति), र (३) आनन्दको तह (आध्यात्मिक मुक्तिको प्राप्ति)। यी तीनै तह परस्पर सम्बद्ध छन् र सन्तुलनका साथ पूरा गर्नुपर्छ ।

सम्पूर्ण मुक्तिको प्रश्न हल गर्न जीवनलाई आयामको दृष्टिबाट हेर्दा, मानव जीवनका मुख्य तीन वटा आयाम हुन्छन । पदार्थको आयाम मुख्य तीन वटै हुन्छ । ती तीन आयाम भनेका शारिरिक, मानसिक र प्रज्ञानात्मक आयाम हुन । जब मानिसलाई कुनै एउटा आयामबाट मात्र विकास गर्ने प्रयास गरिन्छ, त्यसले मानव जीवनमा असन्तुलनको सृजना गर्दछ । मानव जीवनमा सृजना हुने असन्तुलन अन्ततः अविकासमा परिणत हुन्छ । वास्तविक मुक्ति भनेको केवल राजनीतिक वा आर्थिक भौतिक स्वतन्त्रता नभई मानिसलाई अन्याय, अज्ञानता, र आध्यात्मिक दासत्वबाट स्वतन्त्र गराउने प्रक्रिया हो । तसर्थ, समग्र मुक्तिको लागि समाज, संस्कृति, र राज्यले समन्वित प्रयास गर्न आवश्यक छ ।

### (३) समृद्धिको नीति(अर्थतन्त्र, अर्थचक्र, अर्थप्रणाली)

आर्थिक, सामाजिक, र वातावरणीय पक्षमा समानता र समतामुलक समृद्धि सुनिश्चित गर्न नीतिगत ढाँचा विकास गर्ने लक्ष्य समृद्धिको नीति(अर्थतन्त्र, अर्थचक्र, अर्थप्रणाली) राख्छ । अर्थतन्त्र भनेको समग्र संरचना हो, अर्थाचक्र यसको सञ्चालन प्रक्रिया हो, र अर्थप्रणाली यसलाई व्यवस्थित गर्न प्रयोग हुने सिद्धान्त हो । तीनैको मुख्य उद्देश्य

समाजको समृद्धि, स्रोतहरूको न्यायोचित वितरण, र आर्थिक स्थिरता हो । पूर्वीय दर्शनले जीवनलाई एकीकृत रूपमा हेर्छ, जहाँ आर्थिक गतिविधिहरू व्यक्तिगत, सामाजिक, र प्राकृतिक सन्तुलनमा आधारित छन् ।

जल, जंगल, जमीन उनीहरुको आफ्नो सभ्यता र संस्कृतिसित अन्योन्याश्रित सम्बन्ध राख्दछ ।तर आधुनिक राज्य सत्ताले उनीहरुको नियन्त्रण हटाएर राज्यको नियन्त्रणमा ल्याउने काम गरिआएको छ । साँस्कृतिक सम्बन्धको निरन्तरता यसबाट टुट्न पुगे र मूलवासी ज्ञानको विकासमा ठूलो अवरोध देखा पर्यो । यसबाट वातावरणीय असन्तुलन समेत देखा पर्यो । सामुदायिक अर्थतन्त्रले स्थानीय स्तरमा रोजगारी सिर्जना गर्छ, आर्थिक असमानता कम गर्न मद्दत गर्छ, र आत्मनिर्भरता बढाउँछ । विकास, समृद्धि गर्ने भए एकताबद्ध हुनुपर्छ । एकताको शुत्र नै बहुल राष्ट्र राज्यको निर्माण हो । राष्ट्रको राजत्वमा आधारित अर्थप्रणालीले सँस्थाहरुको संरचनात्मक विकास र नीति कार्यान्वयनमार्फत आर्थिक गतिशीलता प्रदान गर्छ । स्रोतहरूको उत्पादन, वितरण, र पुनःनिवेश, कृषि, उद्योग, र सेवा क्षेत्रको क्रमिक विकास, नवीनता (innovation) र प्रविधि प्रयोगले विकासीय अर्थचक्रको सफल सञ्चालनले आर्थिक वृद्धि, रोजगारी सिर्जना, र जीवनस्तर सुधारमा योगदान पुर्‍याउँछ ।

यहाँका विविधता र साँस्कृतिक एकताको पहल स्वशासन मार्फत हुदा नै समान जनता हुन्छ । उनीहरुको साँस्कृतिक ऐतिहासिक भूमी संरक्षण गर्न विशेष अधिकार हुदा नै हुन्छ । समाज सामुदायिक हुदाँ नै समान जनता हुने हो र समृद्धिको बाटो पनि यहिँ हो । त्यसले भूमी संरक्षणका अधिकार लगायत व्यापार, उद्योग अथवा स्वरोजगारका स्वतन्त्रताले आफ्नो आर्थिक उन्नति बढाउँदै समान जनताको पक्षमा काम गर्छ । यद्यपी वैदेशिक लगानी समेतलाई नीतिगत तौर तरिकाले आकर्षित गर्नु पर्ने हुन्छ । समान जनता निर्माण गर्ने नीति अन्ततः समृद्ध राष्ट्रको कारक हुने छ । 'समान जनता समृद्ध राष्ट्र' को निम्ति अर्थतन्त्र, अर्थप्रणाली र अर्थचक्रको संयोजन आवश्यक हुन्छ ।

## (४) समरसता एवं सदभावनाको नीति (धर्म/सम्प्रदाय/संस्कृति तथा बहुलता बीच सम्वन्धको नीति)

समाजमा शान्ति, एकता, र समृद्धिका लागि समरसता (समभाव) र सद्भावना अत्यन्त आवश्यक छन् । यी नीतिहरूले समाजमा समानता, समान हक-अधिकार, र समावेशीता प्रवर्द्धन गर्छन् । समरसता भनेको जाति, धर्म, लिंग, क्षेत्र, र सांस्कृतिक विविधताबीच सम्मान र समानताको व्यवहार हो, जसले विभेदरहित समाजको निर्माणमा योगदान दिन्छ । सद्भावना भनेको पारस्परिक विश्वास, सहयोग, र

सहकार्यको भावना हो, जसले व्यक्तिहरूबीच मेलमिलाप र सहिष्णुताको वातावरण सिर्जना गर्दछ ।

धार्मिक स्वतन्त्रता र धर्मनिरपेक्षता फरक कुरा हुन्; धार्मिक स्वतन्त्रता व्यक्तिगत अधिकार हो भने धर्मनिरपेक्षता राज्यको तटस्थताको अर्थमा हो । नेपालमा भने धर्म निरपेक्षतालाई धार्मिक स्वतन्त्रता भन्दा ज्यादा महत्व दिएर उचालिएको छ । नेपालमा धर्मनिरपेक्षताको अर्थ र अभ्यासमा भ्रम रहेको देखिन्छ, जसले सामाजिक तनाव र द्वन्द्व निम्त्याउन सक्छ । धर्म वा आस्था मुलतः तीन स्तरमा लागु हुने गर्छ- ब्यक्तिगत, सामूदायिक र राज्य । समरसता र सद्भावनाका लागि राज्यले सबै धार्मिक, सांस्कृतिक, र जातीय समुदायबीच समानता र सम्मानको प्रवर्द्धन गर्दै न्यायपूर्ण नीति अपनाउनु आवश्यक छ । धार्मिक आस्थालाई व्यक्तिगत अधिकारको रूपमा स्वीकार्दै, राज्यले सबैका लागि निष्पक्ष र समावेशी दृष्टिकोण अपनाउनुपर्छ।

## संलग्नताको परराष्ट्र नीति

नेपालको परराष्ट्र नीति समयानुकूल स्पष्ट र प्रभावकारी हुन आवश्यक छ। नेपालको भू-राजनीतिक अवस्थिति, विशेषतः भारत र चीनजस्ता दुई ठूला छिमेकीबीच रहेको तथ्य, यसको परराष्ट्र नीतिमा मुख्य आधार बन्नुपर्छ। असंलग्नताको पुरातन सिद्धान्तले आजको बहुध्रुवीय विश्वमा नेपाललाई असान्दर्भिक बनाउँदै लगेको छ । परराष्ट्र नीति मुख्यत राज्य–राज्य विचमा परराष्ट्र सम्बन्ध बुझाउने परिवेशमा बुझे । तर आइएलओ महासन्धि नं. १६९ अनुसार सिमाना वारपार जातीय/साँस्कृतिक समान पहिचानका समूहहरु विच आर्थिक, साँस्कृतिक, आध्यात्मिक लगायत वातावरणीय सम्बन्ध कायम गर्न सक्छन् । भारतसँग हाम्रो प्राकृतिक, सांस्कृतिक, र आर्थिक सम्बन्ध अभिभाज्य छ, जसलाई सुदृढ गर्दै दक्षिण एशियाली क्षेत्रीय विकासमा सहकार्य गर्न आवश्यक छ । त्यस्तै, खाडी मुलुकहरूसँग श्रमिक हित र लोकतान्त्रिक विश्वसँग आर्थिक र प्राविधिक सहकार्य विस्तार गर्नु अपरिहार्य छ ।

सांस्कृतिक दृष्टिले समान रहेको अलग अलग देश भएपनि मुलतः पञ्चायत कालमा सिमानाको विषयमा अधिक चासोको विषय बन्यो । नागरिकता ऐन मार्फत नियन्त्रण कायम गर्न चाहे । एक भाषा–एक संस्कृतिको नीति राज्यले अंगिकार गरे । परीणाम स्वरुप हामी र पराया आफ्नै देशका जनता बाँडिन पुग्दा अन्धराष्ट्रवादको जन्म भयो । यीसबै समस्याको हल जनता जनता विचको प्रगाढ सम्बन्ध मार्फत खोजी गर्ने नीतिकै विस्तारित रुप राष्ट्रियताहरुको क्रस बोर्डर सम्पर्क तथा सहयोग हो । यसलाई महत्वका साथ राष्ट्रिय मुक्ति क्रान्ति अगाडि बढाउन जरुरी छ ।

पूर्वीय दर्शनको समभाव र सहअस्तित्वका सिद्धान्तबाट प्रेरित नेपालले आफ्नो परराष्ट्र सम्बन्धमा शान्ति, सहकार्य, र परस्पर सम्मानलाई प्राथमिकतामा राख्नुपर्छ । जलविद्युत्, पर्यटन, र व्यापारका क्षेत्रमा भारत, चीन, र अन्य मुलुकहरूसँग सहकार्य गर्दै नेपाललाई आर्थिक रूपले आत्मनिर्भर बनाउनुपर्छ । नेपालले आफ्नो भूगोललाई अवसरका रूपमा रूपान्तरण गरी अन्तर्राष्ट्रिय संवादको केन्द्र बन्न सक्ने क्षमता विकास गर्नुपर्छ । समग्रमा, परराष्ट्र नीति राष्ट्रिय स्वार्थमा आधारित, जनताको भावनासँग मेल खाने, र विश्वस्तरीय सहकार्यप्रति खुला हुनुपर्छ ।

## (५) स्वराज(ग्राम स्वराज, गणराज्य, बहुलराष्ट्र राज्य) को नीति: नयाँ नेपाल–साझा नेपाल

राष्ट्रिय मुक्ति पार्टीले परिकल्पना गरेको नेपाल साझा नेपाल हो । त्यो भनेको सबै पहिचानको सार्वभौमिकता निर्वाध रुपमा राजनीतिक अभ्यासमा देखा पर्नुपर्ने बुझिन्छ । त्यसका लागि स्वशासन र स्वायत्तताको हक उपयोग गर्दै विकास गर्न पाउने गरी राज्य व्यवस्था अगाडि बढ्ने प्रणाली चाहिन्छ । हाल वहिष्करण तथा सीमान्तिकरणमा परेका पहिचान चाहने समूह यो राज्यलाई अवैध ठहर गर्छन् कारण उनीहरु साँस्कृतिक आवद्धतामा राज्यको निर्माण हुने मत स्वीकार गर्दै वस्तुतः नेपाल वहुलराष्ट्रिय राज्य भएकोले साझा नेपाल वहुलराष्ट्रिय राज्यका रुपमा परिभाषित हुनुपर्ने ठान्दछन् ।

स्वराज भनेको केवल राजनीतिक स्वतन्त्रता होइन; यो आत्मनिर्भरता, सामूहिक निर्णय र समुदायको सहभागितामा आधारित शासन प्रणाली हो । नेपालमा आधुनिक राज्य प्रणाली सुरु हुनु अघि नै विभिन्न जातिहरूले प्रथाजन्य संस्थाहरूको आधारमा स्वशासन सञ्चालन गर्थे । ग्राम, जनपद, गणराज्यजस्ता संस्थाहरूले स्थानीय स्तरमा सामूहिक निर्णय, न्याय, र विकासका काम गर्दै आएका थिए । नेवा, थारू, किराँत, तामाङ, मगर, शेर्पालगायत समुदायका परम्परागत प्रथाहरूले सामाजिक, सांस्कृतिक, र आर्थिक सम्बन्धलाई सुदृढ पार्दै आएका छन् । ग्रामस्वराज, गणराज्य, र बहुलराष्ट्र राज्यको तिनै तहबाट स्वराजको अभ्यास गर्नु आवश्यक छ ।

परम्परागत प्रणालीलाई कमजोर पारेर विदेशी प्रभावयुक्त विचारहरू लागू गर्नुले सामाजिक संरचना कमजोर भएको छ । यसको परिणामस्वरूप सामाजिक एकता र न्याय व्यवस्था प्रभावित भएको छ । पहिले सरल र सहज न्याय प्रणाली अहिले जटिल र खर्चिलो भएको छ । परम्परागत सामुदायिक संस्थाहरूलाई पुनर्जीवित गर्न आवश्यक छ । यसले स्थानीय स्वशासन सुदृढ गरी राज्य र नागरिकको सम्बन्ध मजबुत बनाउनेछ ।

## (६) सामाजिक जिम्मेवारी निती

प्रत्येक व्यक्तिको, समुदायको वा शक्तिको अभ्यासमा रहेका पदाधिकारी वा सँस्थाको सामाजिक जिम्मेवारी हुन्छ। किनभने कुनैपनि वस्तु वा कार्य निरपेक्ष छैन, सबै सापेक्ष छ। यदि समाजमा कुनै प्रकारको विभेद छ, असमानता छ, त्यसको जिम्मेवार तपाई हामि नै हो। अर्थतन्त्र, धर्म, संस्कृति, राजनीति, शिक्षा, अवसर, स्थिति, इतिहास, उमेर समूहजस्ता कारकतत्वहरुले गर्दा समाजका मानिसहरुलाई विभिन्न समूहहरुमा छुट्याउने गर्दछ । जसले धनी र गरिब, सम्पन्न र विपन्न, ठूलो र सानो, छुत र अछुत, उच–नीच, दलित–गैरदलित, आदिवासी–गैरआदिवासी, मधेशी–गैरमधेशी, महिला–पुरुषजस्ता अनि शिक्षित, साक्षर र निरक्षर आदी सामाजिक श्रेणीहरुको निर्माण गर्दछ ।

मानव निर्मित असमानताहरू अमानवीय हुन् यसलाई हटाउनु पर्दछ। प्रत्येक व्यक्तिको यो प्राकृत कर्तब्य हो, जिम्वेवारी हो । यो जिम्वेवारीले केहि सिद्धान्त जन्माउछ जस्तै सामाजिक न्यायको सिद्धान्त, समान आदर र चासोको सिद्धान्त, समानताको लागि समताको सिद्धान्त, क्षतिपूर्तिको सिद्धान्त, सामूहिक पहिचानको सिद्धान्त, सार्वजनिक जीवनमा सहभागिताको सिद्धान्त, विशेष संरक्षणको सिद्धान्त, समानुपातिक प्रतिनिधित्वको सिद्धान्त, सशक्तीकरणको सिद्धान्त अनुरुप कार्य गर्नु सामाजिक जिम्मेवारी हो।

जातीय, धार्मिक, र लैंगिक समस्याहरूको समाधानका लागि समानतामा आधारित समाजको निर्माण आवश्यक छ । आज पनि जातीय विभेद कायमै छ । दलितलाई सार्वजनिक स्थानमा प्रवेश गर्न नदिने, श्रममा भेदभाव गर्ने, अन्तरजातीय विवाहमा रोक लगाउने, र सामाजिक बहिष्कार गर्ने परम्परा जीवित छ । जातीय समस्यालाई राजनीतिक दृष्टिकोणबाट मात्र समाधान गर्न सकिन्छ। जातिविहीन समाजको निर्माणका लागि राज्यसत्ताको हस्तक्षेप अनिवार्य छ । नेपालमा मुस्लिम समुदायको उपस्थिति लामो समयदेखि छ । मुस्लिम समुदायलाई समाजले बाहिरिया ठानेर विभेदपूर्ण व्यवहार गरेको छ । इश्लाम धर्म पूर्वीय सभ्यताको अंगका रूपमा विकास भएको हो । धार्मिक तथा सामाजिक सहिष्णुतासहित मुस्लिम समुदायलाई आर्थिक, शैक्षिक, र राजनीतिक रूपमा सशक्त बनाउन पहल गर्न आवश्यक छ । महिला र पुरुषबीच परिपूरक सम्बन्धको विकास गर्न समाजले समानता र न्यायलाई प्राथमिकता दिनुपर्छ । महिलामाथि हुने हिंसा र भेदभावलाई अन्त्य गर्न सामाजिक चेतना र कानूनी कार्यान्वयनमा जोड दिनुपर्छ ।

## ६. योजना: नयाँ योजना–साझा योजना

राष्ट्रिय मुक्ति क्रान्ति सफल बनाउन विकल्पसहितको विद्रोहको योजना महत्त्वपूर्ण छ, जसले जनताको जीवन र परम्परागत ज्ञानलाई आधुनिक विश्वका पाठहरूसँग जोड्छ। स्वशासन र स्वायत्तताको आधारमा उत्पादन सम्बन्धमा आधुनिकीकरण गरी जनताको आधारभूत आवश्यकता पूरा गर्दै बाह्य निर्भरता घटाउनुपर्ने देखिन्छ। आदिवासी जनताको भूमि, प्राकृतिक स्रोतमा आधुनिक राज्य प्रणालीले गरेको अतिक्रमण र सांस्कृतिक दोहनविरुद्ध स्वशासनको मोडेलसहितको प्रतिरोध जरुरी छ। राष्ट्रिय मुक्ति पार्टीको गठन र विस्तृत कार्ययोजनाका साथ, राजनीतिक दृष्टिकोणमा आमूल परिवर्तन गर्दै स्वशासनको अभ्यासलाई संस्थागत गर्न योजना बनाइएको छ। यस संगठित प्रयासले स्वदेशवादी दर्शन अंगिकार गर्दै समृद्ध राष्ट्र निर्माणमा सहयोग पुऱ्याउनेछ।

(१) **क्रान्तिको चरणमा त्रि-अंगी मार्गको योजना:** हाम्रो कार्यदिशा औपनिवेशिक शक्ति व्यूह ध्वंस गर्न केन्द्रित छ, जसका लागि स्वदेशवादी दृष्टिकोणमा आधारित वैकल्पिक रणनीतिहरू आवश्यक छन् । स्वदेशले जीवन र जगतको गहिरो समझ र वैकल्पिक सत्ताको अभ्यासको आधार दिन्छ, जसले प्राकृतिक नियमलाई मान्यता दिँदै पश्चिमी विचारधाराभन्दा परको ठोस ज्ञान प्रणाली निर्माण गर्दछ । राज्य पुनर्संरचना, शक्ति बाँडफाँड, र स्वामित्व ग्रहणका लागि तीन चरणीय कार्यदिशा तय गरिएको छ: अभियान, जसले राष्ट्रियतासँग राज्यत्वको हक दाबी गरी संरक्षण र चुनौतीको आधार तयार पार्छ; संघर्ष, जसले शक्ति सन्तुलन र पार्टी, परिषद्, र औजारको निर्माणमार्फत सशक्त मोर्चा बनाउँछ; र विद्रोह, जसले श्रोत र साधनमाथि स्वामित्व ग्रहण गरी राष्ट्रियताहरूलाई परशासनबाट मुक्त गराउनेछ ।

(२) **तीन 'तप', तीन 'शत' को योजना:** यस अन्तरगत तीन तह सामाजिक–साँस्कृतिक, राजनेतिक तथा आर्थिकमा गरिने तीन काम पुनरोत्थान, पुनसंरचित तथा पुनर्सुचारु गर्दै कार्यनीतिलाई निर्देश गर्ने हो । यसरी त–प गर्दा स्वदेशवादी दृष्टीकोण वैचारिक धार प्रष्ट्याउँदै जान्छ । अर्थात् त–प आधुनिकता, औपनिवेशिकता, पुनरोदय कालदेखि ज्ञान तहमा देखिएका विकास सहितको छलफल सामाजिक–साँस्कृतिक तहमा आवश्यक पर्छ । हाल जे जाति प्रभाव हामी र हाम्रा समुदायमा देखा परे ती सब पश्चिमा ज्ञान प्रणाली र त्यसले ल्याउने वर्चश्वले बाँकीलाई कमजोर बनाइ आएका थिए । यस खाले योजना बमोजिम पार्टीको स्थापना हाम्रो सत्ता

रक्षाका लागि हो । स्वदेशवादी ज्ञानमिमांशाको आधारमा यो योजनाको वहस प्रवेशसंगै परम्परागत तरिकाले सोच्ने विधिमै अन्तर आउनसक्छ । उनीहरु पनि नयाँ योजना भएको महसुस गर्दै जानेछन् ।

(३) **चार लक्ष्य चार काम:** राष्ट्रिय मुक्ति क्रान्तिको राजनैतिक कार्यदिशाले अवलम्बन गरेको चार कामलाई अगाडी बढाउने र चार लक्ष्यको अभ्यास गर्ने कार्यलाई अगाडी बढाइने छ । जस्तै, मोजुदा राज्य प्रणालीका मुख्य अंग, तत्व, र संरचनासँग सहमति फिर्ता गर्नुपर्छ । वैकल्पिक मोडेल तयार गर्नुपर्छ, जसले जनतालाई आकर्षित गर्दै अहिलेको राज्य प्रणालीको अपरिहार्यता कम गर्न सकून् । राज्यको सेवा क्षेत्र र जिम्मेवारीलाई क्रमशः घटाउँदै जानुपर्छ । र समुदायमा नयाँ चेतना निर्माण गर्दै उनीहरूलाई पुरानो प्रणालीको विकल्पबारे सोच्न प्रेरित गर्नुपर्छ । त्यसैगरी चार काम वैचारिक–सैद्धान्तिक काम, राजनीतिक–कूटनीतिक काम, आर्थिक–भौतिक काम, संगठन तथा संघर्षको काम गर्ने योजना गर्नुपर्छ ।

(४) **सम्पूर्ण क्रान्ति अर्थात राष्ट्रिय मुक्ति क्रान्तिको योजना:** नेपालमा पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तारपछि उत्पीडित आदिवासी जनजातिले जातीय एकाधिकारवादी सत्ताविरुद्ध गरेको संघर्ष, हालसम्मका विभिन्न ऐतिहासिक आन्दोलन, र वर्तमानमा चलिरहेका विविध आन्दोलनहरूलाई एकीकृत गर्दै राष्ट्रिय मुक्ति क्रान्ति सञ्चालन गर्न आवश्यक छ । हाल देशभर ऐतिहासिक राष्ट्रहरू (जस्तै, मधेश, लिम्बु, किरात, तामांग, नेवा, थारु, मगर, तमु, खस, शेर्पा) को मुक्तिको निम्ति साना-मझौला र ठूला संगठनहरू आन्दोलित छन् । खुवालुङ बचाउ, प्रदेश नामकरण, मुक्कुमुलुङ केबलकारविरोधी, विद्युत् प्रसारणलाइन, र सडक विस्तारविरुद्ध आदिवासी जनजातिका आन्दोलन सक्रिय छन् । उपनिवेशवाद, असमानता, र शोषणको अन्त्य गर्दै बहुलराष्ट्रिय राज्यको निर्माण, स्वशासन, समानता, र न्यायको स्थापना गर्न विविध वर्ग, पेशा, र समुदायको साझा सहभागिता आवश्यक छ । विश्वका महत्त्वपूर्ण क्रान्तिहरूबाट प्रेरित यो आन्दोलन, नेपालभित्रका उत्पीडित राष्ट्र र समुदायबीच बलियो एकता र सहकार्यमार्फत सामाजिक रूपान्तरणको आधार तयार गर्दै, साझा दुश्मनविरुद्ध एकीकृत शक्ति निर्माणको लक्ष्यमा केन्द्रित छ। यही सम्पूर्ण क्रान्ति हो, र यही नै राष्ट्रिय मुक्ति क्रान्ति हो।

(५) **अहिंसात्मक क्रान्ति 'तरंग-छलांग-तरंग' शैलीको योजना:** अहिंसात्मक क्रान्ति सामाजिक न्याय, समानता र अन्यायपूर्ण व्यवस्थाको परिवर्तनका लागि सचेत, चरणबद्ध र संगठित आन्दोलन हो । यसले तरंग-छलांग-तरंग मोडेलमार्फत साना तर निरन्तर गतिविधिहरू (तरंग) र

निर्णायक कदमहरू (छलांग) समन्वय गर्दै दीर्घकालीन प्रभाव र तत्काल परिवर्तन सुनिश्चित गर्छ । स्वदेशी आन्दोलनले हिंसा अस्वीकार गर्दै पुरातन ज्ञान र मानवताको पक्षमा अन्तर्राष्ट्रिय समर्थन निर्माण गर्दछ । साना गतिविधिहरूबाट जनचेतना र समर्थन जुटाउँदै, असहयोग र नागरिक अवज्ञा अभियानद्वारा सत्ता संरचनालाई चुनौती दिनु यसको रणनीति हो । अग्रदस्ता र सामूहिक सहभागिताको संयोजनले अहिंसात्मक, समतामूलक र दिगो परिवर्तनको सुनिश्चितता गर्दछ ।

(६) **आत्मिक उन्नयन एवं आत्मगत तयारीको योजना:** आत्मिक उन्नयन र सामाजिक परिवर्तन एकअर्कासँग अभिन्न रूपमा जोडिएका छन्। आत्मिक रूपमा उन्नत व्यक्ति समाजका लागि मार्गदर्शक, उत्प्रेरक र परिवर्तनकारी शक्ति बन्न सक्छ। आत्मविश्लेषण, सकारात्मक संस्कार, सन्तुलित अहं, भावनात्मक परिपक्कता र सृजनशील योगदान आत्मिक उन्नयनका मूल तत्व हुन् । समाज रूपान्तरण केवल संरचनागत परिवर्तनबाट सम्भव हुँदैन; चेतनाको विकास अनिवार्य छ । इतिहासले देखाएको छ कि जब चेतना परिवर्तन बिना क्रान्ति हुन्छ, त्यसले स्थायित्व पाउँदैन । तसर्थ, सामाजिक परिवर्तनको पहिलो चरण नै व्यक्तिको आत्मिक सुधार हो । त्यसैगरी क्रान्तिको लागि आत्मगत रूपमा तयार हुन् जरुरी छ । हाम्रो बलिदान उत्पीडित जनताका लागि हो कि व्यक्तिगत नाम र समृद्धिका लागि ? स्पष्ट हुनु जरुरी छ । क्रान्ति केवल एउटा लक्ष्य नभई जीवन पद्धति बन्नुपर्छ । जबसम्म हामी क्रान्ति वाहेकका सबै विकल्पहरू परित्याग गर्न सक्दैनौं, तबसम्म हामी नाम र दामप्रतिको लालचबाट मुक्त हुँदैनौं । आत्मअनुशासित क्रान्तिकारी योद्धाले मात्र क्रान्तिको नेतृत्व गर्न सक्छ । आत्मिक उन्नयनसंगै क्रान्ति प्रतिको संकल्प जीवनको कसम बन्नुपर्छ ।

(७) **संगठन प्रणाली-स्वदेशीय संगठनात्मक सिद्धान्त:** राष्ट्रिय मुक्ति क्रान्ति बहुल राष्ट्र राज्य, सामुदायिक समाज, र स्वदेशवाद स्थापनाका लागि साध्य हो । यसको लागि संगठित शक्ति अनिवार्य छ । संगठन हाम्रो सिद्धान्त, दर्शन, नियम, र योजनाको व्यवहारिक प्रयोग हो । स्वसत्ताका लागि संघर्षमा उत्पीडित राष्ट्रहरूसँग संगठनबाहेक कुनै हतियार छैन । अत्यधिक लोकतान्त्रिक प्रक्रियाले क्रान्ति विकेन्द्रित गर्न सक्छ, जबकि अत्यधिक शक्ति एकाग्रताले अधिनायकवाद जन्माउन सक्छ । त्यसैले चरणबद्ध संरचनात्मक परिवर्तन आवश्यक छ । संगठन केवल क्रियाकलाप होइन, यो राष्ट्रिय मुक्ति क्रान्तिको मार्गदर्शन गर्ने अनिवार्य संरचना हो । स्वदेशीय संगठनात्मक सिद्धान्त नै हाम्रो मार्गदर्शक हो ।

स्वदेशीय संगठानात्मक सिद्धान्तको निम्ति राष्ट्र चेतनाको सचेतन बिकासको साथै अ-औपनिवेशिकताको आन्तरिकिकरण आवश्यक हुन्छ। यसको निम्ति जातभेद(castism)को अन्त्य तर जातीयता(ethnicity) को संरक्षण गर्नुपर्छ। वर्तमान राज्य एवं सरकार प्रतिको निर्भरता कम गर्न हरेक क्षेत्रमा वैकल्पिक अभ्यासहरु गर्नुपर्छ । त्यसैगरी नेतृत्व एक महत्वपूर्ण व्यवस्थापकीय कार्य हो । कुशल तथा प्रभावकारी नेतृत्वको अभावमा संगठनात्मक उद्देश्य प्राप्त गर्न सम्भव हुँदैन । र यो भनेको एक जना नेता मात्र पनि होइन, नेताहरुको समुह हो। राष्ट्रिय मुक्ति क्रान्ति मुख्यत: संघर्ष विद्रोहको अवस्थामा रहने भएको हुँदा "एकीकृत नेतृत्व मोडेल" हामीले विकास गर्नु परेको छ। संगठनमा भेट्रान (दिग्गज नेता) र भेंगार्ड (अग्रदस्ता) बीच समन्वय र रुपान्तरण एक संगठनको दीर्घकालीन सफलता सुनिश्चित गर्न तथा क्रान्तिको निम्ति महत्त्वपूर्ण हुन्छ ।

सहभागितात्मक संगठनात्मक सिद्धान्त आवस्यक हुन्छ, त्यसको निम्ति समतामूलक उत्प्रेरणा चाहिन्छ किनभने निश्चित तलब निर्धारित गरेको आर्मीमा पनि बिना प्रेरक तत्व संगठनको मातहत रहदैन भने राजनीतिक संगठनमा झन् रहने कुरा नै आउदैन। संगठनको मातहत रहनुपर्छ भन्ने सिद्धान्त नोकरशाही अवधारणा हो । अर्को बिचारको केंद्रियाकरण तर संगठनको स्वायत्तता आवश्यक हुन्छ । अर्को रचनात्मक बहसका लागि पार्टीहरूमा अनेक लाइन हुनसक्छ तर ति अनेक लाइन बीच संघर्ष होइन संवाद चाहिन्छ । फरक विचारहरूको संवाद र संश्लेषणबाटै नवीन विचारको जन्म हुन्छ। अर्को अन्तरपार्टी लोकतन्त्र सहभागितात्मक हुनुपर्छ, नेतृत्व निर्माण बिधि हुनुपर्छ र हस्तान्तरण बिधि हुनुपर्छ, पार्टी अनुशासन र संगठनात्मक प्रभावकारिता हुनुपर्छ । त्यसैगरी क्रमशः नेता हुदैँ जाने, बन्दै जाने पुरानो सांगठानिक संरचना बिरुद्ध संगठनको स्पाइरल मोडेल आवश्यक छ। यस्तो संरचनामा जोडिन पहिले अर्को मार्फत जोडिएर एक चरणमा पार पछी उक्त जोडाइ पहिलो बिन्दुसंग स्वत: कनेक्ट हुन्छ । यसको अर्थ कुनै भर्खरै जोडिएको व्यक्तिमा पनि आन्तरिकीकरण गर्ने क्षमता छ भने उ जुनसुकै जिम्मेवारी लिन वा पाउन सक्छन ।

संघर्ष एवं संगठनको निम्ति हामीले पाँच वटा ससक्त औजारहरू बिकास गर्नु पर्दछ। मुख्य औजार भनेको पार्टी संगठन हो। दोस्रो औजार सौम्य शक्ति वृद्धि एवं संगठन हो। तेस्रो औजार भनेको अग्रादास्ता को ब्युहं रचना हो। चौथो औजार भनेको अर्थ योजना, सशक्तीकरण एवं ब्यबस्थापन हो। पाँचौं औजार भनेको स्वराज को अभ्यास हो। राष्ट्रिय मुक्ति क्रान्तिको निम्ति मुख्य औजार रहेको पार्टीको योजना मुताविक सबै औजारहरु सक्रिय

हुनुपर्छ। क्रान्तिको बिभिन्न चरणहरुमा संगठन संरचनाहरु, नेतृत्व लगायत सबै औजारहरुको भूमिकामा पनि परिवर्तन आउछ, ल्याउनुपर्छ। क्रान्तिको सफलताका लागि सबै वर्ग, समुदाय, र क्षेत्रका मानिसहरूलाई एकताबद्ध गर्न आवश्यक छ । यसको निम्ति मोर्चा, गठबन्धन, समुह आदी बनाउनु आवश्यक हुन्छ।

## ७. राष्ट्रिय चेतना:

राष्ट्रिय उत्पीडनको सवाल राज्य–औपनिवेशिकताबाट मुक्तिको विषय हो, जुन राष्ट्रिय चेतनाको विकास र व्यक्तिको स्वाभिमानसंग प्रत्यक्ष सम्बन्धित छ। यसलाई गहिरो ढंगले बुझ्न ठोस परिस्थितिको विश्लेषण, उच्छेदवादी प्रवृत्तिको नियन्त्रण, र राष्ट्रिय चेतनाको प्रवर्धन आवश्यक छ। विगतमा ठोस रणनीतिको अभाव र स्व–स्फूर्त संघर्षको सीमाले आन्दोलन विभाजित र कमजोर बनाएको देखिन्छ। यसलाई पार गर्न, राष्ट्रिय चेतनाले स्वतन्त्रता र समानताको आधारमा राष्ट्र–राज्य औपनिवेशिकताबाट मुक्ति दिलाउने उद्देश्यसाथ व्यक्तिलाई प्रेरित गर्नुपर्छ।

प्रकृतिसँगको सामंजस्य र समाजमा संकथनमार्फत शक्ति उत्पादन आवश्यक छ, जसका लागि संगठन र सामूहिक चेतनाको भूमिका महत्त्वपूर्ण छ। आत्मसम्मान र स्वशासन सुनिश्चित गर्न संघीय शासनको अवधारणा उपयुक्त ठहर्छ, जसले आर्थिक एकीकरण र जातीय पहिचानका दुवै पक्षलाई सन्तुलनमा राख्छ। स्वदेशवादसम्बन्धी ज्ञान संचयले राष्ट्रिय चेतना प्रवर्धनमा सहयोग पुर्याउँछ, जसले प्रशिक्षित र सक्षम व्यक्तिहरूलाई अग्रदास्ताको रूपमा अघि बढ्न प्रेरित गर्दछ।

## ८. अन्तरविरोध सम्बन्धमा:

अन्तरविरोध समाज विज्ञानको महत्त्वपूर्ण पक्ष हो, जसलाई माक्र्सवादी कम्युनिष्टले वर्गीय समाज र संघर्षमार्फत व्याख्या गरेका छन् । उनीहरूले वर्गीय अन्तरविरोध हल गर्न बलप्रयोगसहितको वर्ग संघर्षलाई अपरिहार्य ठाने । तर, राष्ट्रिय मुक्ति क्रान्तिले अन्तरविरोधलाई विस्तारित दृष्टिकोणबाट बुझ्न आवश्यक ठहर्छ । नेपालजस्ता समाजमा जातीय उच्च-निचको भेदभाव र छुवाछुत वर्णाश्रम धर्म र राज्यको नीतिबाट बल पाउँदै आएको छ । शासकीय सम्भ्रान्तवर्गले आधुनिकीकरणका प्रयास गरे पनि शक्ति अभ्यासमा समानता स्थापित गर्न असफल भएका कारण विरोधाभाषले गहिरो रूप लिएको छ ।

नेपालको दुई शताब्दी लामो एकात्मक र केन्द्रिकृत शासनले एकल भाषा, संस्कृति, र जातीय वर्चस्वलाई थोपर्दा सामाजिक, साँस्कृतिक, र आर्थिक विभेदले जरो गाडेको छ

। विविध पहिचानलाई अस्वीकार गर्दै एकरूप बनाउने प्रयासले विरोधाभाषलाई बढावा दिएको छ । मधेशी आन्दोलनले संघीयता सुनिश्चित गरे पनि व्यवहारमा अन्तरविरोध कायमै रहेको देखिन्छ । यसैले, राष्ट्रिय मुक्ति क्रान्तिमा जातीय, भाषिक, र साँस्कृतिक अन्तरविरोधबारे गहिरो बहस र समाधान अनिवार्य ठहर्छ ।

## ९. शक्तिको निर्माणको योजना

शक्ति कुनै व्यक्ति, समूह वा राष्ट्रले अर्कोलाई आफ्नो इच्छाअनुसार प्रभावित गर्ने क्षमता हो, जसले मानव सम्बन्ध र सामाजिक संरचना निर्धारण गर्छ। शक्ति प्रत्यक्ष रूपमा देखिने भौतिक साधनमा मात्र सीमित हुँदैन, यसको परोक्ष र जटिल स्वरूप पनि हुन्छ । अन्याय, असमानता, विभेद, र सामाजिक समस्याहरू शक्ति संरचनाको अभिव्यक्ति हुन् । तर, परिवर्तनका लागि शक्ति सम्बन्धको वास्तविक स्वरूप बुझ्न र सामाजिक-सांस्कृतिक संरचनालाई चुनौती दिन आवश्यक छ । उदाहरणका लागि, महिलाको आर्थिक सशक्तीकरण प्रयासले परिणाम दिन सकेन भने यसको कारण लक्षणलाई मात्र सम्बोधन गर्नु हो, मूल कारणलाई होइन । प्रभावकारी परिवर्तनका लागि शक्तिका विविध स्वरूप, संरचना र प्रभावको व्यापक बुझाइ आवश्यक छ ।

शक्ति कुनै व्यक्ति, समूह, वा संरचनाले अरुको अवसर, निर्णय, र कार्यलाई नियन्त्रण गर्ने क्षमता हो, जसले सामाजिक, आर्थिक, र राजनीतिक प्रणालीमा प्रभाव पार्छ। शक्ति केवल भौतिक स्रोतमा सीमित नभई ज्ञान, श्रम, संस्कृति, र सामाजिक संरचनासँग पनि सम्बन्धित हुन्छ। भूमिस्वामित्वदेखि शिक्षा, श्रम विभाजन, र निर्णय प्रक्रियामा कसको पहुँच छ भन्ने कुरा शक्तिको स्वरूप निर्धारण गर्ने मुख्य पक्ष हुन्। शक्ति व्यक्तिहरूबीच, समूहबीच, र संरचनाभित्र काम गर्दछ, जसले विभेद, बहिष्करण, र वर्चस्वको प्रणाली निर्माण गर्दछ। युगसँगै शक्तिको स्वरूप परिवर्तन भए पनि यसको स्रोत आर्थिक, शारीरिक श्रम, ज्ञान, र सामाजिक सम्बन्धजस्ता विविध आयामहरूसँग जोडिएको छ। ज्ञान र सूचना, विशेषतः पाठ्यक्रम र सञ्चार माध्यमको प्राथमिकताले, शक्तिको स्वरूपलाई परिभाषित गर्न र समाजको चेतना निर्माण गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। नेपालजस्ता बहुल समाजमा शक्तिको सही व्यवस्थापनको अभावले राष्ट्र निर्माणमा चुनौती थपिएको छ ।

शक्ति एक जटिल अवधारणा हो, जसका मूर्त, अमूर्त, र अदृष्य तीन स्वरूप छन् । मूर्त शक्ति प्रत्यक्ष देखिने र अनुभव गरिने शक्ति हो, जसले राज्यका औपचारिक संस्थाहरू, स्रोत, र निर्णयमा पहुँच सुनिश्चित गर्छ। अमूर्त शक्ति भने निर्णय प्रक्रियामा अप्रत्यक्ष प्रभाव पार्ने शक्ति हो, जसले एजेण्डा बनाउने, प्राथमिकता निर्धारण गर्ने, र सामाजिक परिवर्तनमा भूमिका खेल्छ। अदृष्य शक्ति भने मान्यता, विचार, र

सामाजिक आचरणमा प्रभाव पार्ने शक्ति हो, जसले विचारधारा, सञ्चार माध्यम, विज्ञापन, र सांस्कृतिक प्रभावमार्फत मानवीय व्यवहार र सोचलाई नियन्त्रण गर्छ। यी तीनै स्वरूपको पहिचान र विश्लेषणले मात्र समतामूलक समाज र सामाजिक न्यायको मार्ग खुल्छ ।

## क) शून्यताको कारण शक्ति निर्माणको आवश्यकता

नेपालको राजनीतिक अवस्था पछिल्ला दुई-तीन दशकदेखि गम्भीर रूपमा विकृत हुँदै गएको छ। सत्तामा रहेको कांग्रेश, एमाले, र माओवादीजस्ता परम्परागत दलहरूले जनतालाई सुशासन, आर्थिक विकास, र नीतिगत सुधार दिन असफल हुँदा, देश भ्रष्टाचार, नातावाद, र असमानतामा डुबेको छ। यी दलहरूको निरन्तर असफलताले जनताको विश्वास गुमाएको मात्र होइन, देशलाई सत्ताशून्यताको स्थितिमा पुऱ्याएको छ।

वैकल्पिक भनिने नयाँ राजनीतिक शक्तिहरूले पनि सोच, शैली, र कार्यशैलीमा कुनै मौलिकता ल्याउन सकेनन्। फलस्वरूप, ती शक्तिहरू पनि परम्परागत दलहरूसँगै असफलताको घेरामा बाँधिएका छन्। यो अवस्था देशलाई गहिरो राजनीतिक, आर्थिक, र सामाजिक संकटतर्फ धकेलिरहेको छ । वर्तमान राजनीतिक संरचनाले जातीय विभेद, शोषण, र राज्यद्वारा प्रायोजित अधिनायकत्वलाई संस्थागत गरिरहेको छ। यस्तो विषम अवस्थाबाट मुक्तिका लागि इन्डिजिनिष्ट शक्तिको नेतृत्वमा नयाँ सोच र समावेशी दृष्टिकोण आवश्यक छ। जनताको सहभागितामा आधारित वैकल्पिक राजनीति मात्रै यो सत्ताशून्यता र अन्यायको अन्त्य गर्न सक्षम हुनेछ।

## ख) शक्ति निर्माणको प्रक्रिया

शक्ति निर्माण भनेको केवल संख्यात्मक भेला मात्र होइन; यो एक विचारशील प्रक्रिया हो, जसले स्पष्ट उद्देश्य र दिशानिर्देशका आधारमा काम गर्दछ । शक्ति निर्माणका लागि पहिलो कदम भनेको व्यक्तिहरू र राजनीतिक शक्तिहरूबीचको ट्युनिङ्ग हो। यसले वैचारिक सामंजस्यता र आपसी समझदारीलाई अघि बढाउँछ। ट्युनिङ्गबाट उत्पन्न भएको शक्ति केवल उत्सर्जनमा सीमित हुनुहुँदैन। यसलाई सञ्चित गरेर दीर्घकालीन संघर्ष र परिवर्तनका लागि आधार तयार गर्नु पर्छ।

त्यसपछि सञ्चित शक्तिलाई गतिशील बनाउँदै नयाँ ऊर्जाको रूपमा प्रयोग गर्नुपर्छ। गतिशील शक्ति भनेको गतिशील योजना, उद्देश्यप्रतिको प्रतिबद्धता, र निरन्तर सक्रियता हो, जसले परिवर्तनका लक्ष्यहरूलाई स्पष्ट रूपमा परिभाषित गर्न सहयोग

पुऱ्याउँछ।

## विभेदकारी शक्ति संरचनाको अन्त्य

देशको वर्तमान अवस्था हेर्दा, राज्यको विभेदकारी शक्ति संरचना र त्यसको स्वरूपलाई गहिरोसँग बुझ्नुपर्छ। यो संरचना जातीय भेदभाव, शोषण, र दमनको माध्यमबाट टिकाइने प्रयास गरिन्छ। विभेदकारी शक्तिको स्वरूप बुझ्न सकेपछि मात्रै त्यसलाई विस्थापन गर्न आवश्यक पर्ने शक्ति प्रकार निर्धारण गर्न सकिन्छ। यसका लागि ठोस योजना, गहिरो अध्ययन, र वैचारिक स्पष्टताका साथ अघि बढ्नुपर्छ। शक्ति निर्माणको यो प्रक्रिया जनताको सहभागिता, सामूहिक सोच, र नवीन दृष्टिकोणमा आधारित हुनुपर्छ। नेपालको राजनीतिक अवस्थाले गहिरो सत्ताशून्यता र अन्यायको अन्त्य गर्न जनताको सक्रिय सहभागितामा आधारित वैकल्पिक राजनीतिक आन्दोलनको माग गरिरहेको छ।

## १०. राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा क्रान्तिको आवश्यकता र सम्भावना

क्रान्तिको सफलताका लागि निश्चित परिस्थितिहरूको उपस्थिति अनिवार्य हुन्छ। तीमध्ये, जनताको पुरानो सत्ताप्रतिको असन्तुष्टि प्रमुख हो। जब जनता पुरानो सत्तासँग बस्न वा सहन सक्दैनन् र नयाँ व्यवस्था खोज्न थाल्छन्, त्यो परिवर्तनको पहिलो संकेत हो। त्यस्तै, जब पुरानो सत्ता पुरानै तरिकाले शासन गर्न असक्षम हुन्छ, सत्ताको असफलताले विद्रोहको सम्भावना बढाउँछ। देशको आर्थिक अवस्था टाट पल्टेको अवस्थामा पुगेपछि, जनताको जीविकोपार्जन कठिन बन्ने मात्र होइन, उनीहरू विद्रोह गर्न प्रेरित हुने वातावरण तयार हुन्छ।

संघर्षका परम्परागत तरिकाहरूले जब समाजका समस्या समाधान गर्न सक्दैनन्, पुराना विचारधाराले आफ्नो महत्व गुमाउँछन्। यस्तो समयमा, नयाँ विचार र संघर्षका स्वरूपले क्रान्तिको बाटो खुला गर्छ। अझ जब जनताको असन्तोष उच्चतम विन्दुमा पुग्छ र उनीहरू विद्रोह गर्न आतुर हुन्छन्, त्यसले क्रान्तिलाई अपरिहार्य बनाउँछ। नेपालको वर्तमान घरेलु परिस्थिति हेर्दा यी सबै संकेतहरू स्पष्ट रूपमा देखिएका छन्। जनताको असन्तुष्टि, सत्ताको कमजोरी, आर्थिक संकट, र परम्परागत सोचको विफलताले क्रान्तिको आवश्यकता झल्काएको छ।

तर क्रान्ति केवल देशभित्रको अवस्था मात्र होइन, बाह्य प्रभावले पनि निर्णायक रूपमा प्रभावित हुन्छ। आजको बहुध्रुवीय विश्वमा अन्तर्राष्ट्रिय सम्बन्ध र प्रभावले आन्तरिक समस्या समाधानमा महत्त्वपूर्ण भूमिका खेल्छ। कोभिड-१९ पछि विश्व प्राथमिकता बदलिएको छ। भौतिक विकासभन्दा पनि पृथ्वीको संरक्षण र स्वदेशीपनको पक्षमा विश्वको सोच विकसित भइरहेको छ।

नेपालमा बढ्दो वैश्वीकरण, आप्रवासी श्रमिकहरूको स्वदेश फिर्ती, र आर्थिक मन्दीका कारण नयाँ संघर्षका सम्भावना पैदा भएका छन् । विश्वव्यापी रूपमा देखा परेका क्रान्तिका लहरहरू, विचार र सैद्धान्तिक अनिश्चितता, र पश्चिमी राजनीतिक सिद्धान्तहरूको विफलताले नेपाललाई पनि प्रत्यक्ष रूपमा प्रभाव पारेको छ। बदलिँदो विश्व प्रणाली, कोभिड महामारीपछिको प्राथमिकता परिवर्तन, र जनताको असन्तोषलाई सम्बोधन गर्ने वैकल्पिक विचारधारा नै आगामी क्रान्तिको आधार बन्न सक्छ। वैचारिक स्पष्टता, सशक्त रणनीति, र अन्तर्राष्ट्रिय सन्दर्भलाई आत्मसात् गर्दै अघि बढे मात्र वर्तमान परिस्थिति सफल क्रान्तिमा रूपान्तरण हुन सक्छ।

## ११. रणनीति एवं कार्यनीतिको सवाल:

अऔपनिवेशिकरण हाम्रो प्राथमिक रणनीतिक लक्ष्य हो, जसका लागि पार्टीले ठोस र प्रगतिशील रणनीति तयार गरेको छ। यो रणनीति शक्ति संरचना, राज्य शक्तिको बाँडफाँड, र जनताको सशक्तिकरणमा केन्द्रित छ। राष्ट्रिय मुक्ति क्रान्ति एक वहुआयामिक राजनीतिक परियोजना भएकाले यसले सामाजिक-सांस्कृतिक, राजनीतिक, र आर्थिक पुनरोत्थान, पुनर्संरचना, र पुनर्सुचार मार्फत शक्ति आर्जनमा सहयोग पुऱ्याउने उद्देश्य राख्छ । राष्ट्रिय परिषदहरूको गठन, सहकारी अभ्यासद्वारा समुदायलाई आत्मनिर्भर बनाउने, र औपनिवेशिक राज्यको चरित्र परिवर्तन गर्ने प्रयास गरिन्छ। स्वशासन घोषणा गर्न आधार क्षेत्रको निर्धारण र त्यसको स्पष्ट नक्सांकन (कार्टोग्राफी) गरिँदै संविधानका प्रावधान र अन्तर्राष्ट्रिय कानुनको सहारा लिइन्छ। यसले राष्ट्रिय मुक्ति क्रान्तिलाई एक सुदृढ राजनीतिक परियोजनाका रूपमा अघि बढाउन मद्दत पुऱ्याउँछ । रणनीति लक्ष्य प्राप्त गर्न आवश्यकता अनुसार विकल्पसहितको विद्रोह सुनिश्चित गर्न यस रणनीतिले कार्यनीतिक दिशा-निर्देशन प्रदान गर्छ । यसले राष्ट्रिय मुक्ति क्रान्तिलाई दीर्घकालीन रूपमा सबल र प्रभावकारी बनाउने आधार सिर्जना गर्दछ ।

स्वदेशवाद-जिन्दावाद। जय मातृभूमि।